मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार १७ गते बुधबार ❑ 1 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## जल, जमिन र वातावरणको सन्तुलन बिग्रदा मानव अस्तित्व नै संकटमा–सरोकारवाला

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

जल, जमिन र वातावरणीय प्रणालीबीचको प्राकृतिक सन्तुलन खल्बलिदा मानव समुदायको जीवन, स्वास्थ्य र भविष्य नै गम्भीर संकटमा पर्ने सरोकारवालाले चेतावनी दिएका छन्। वातावरण संरक्षणलाई केवल प्राकृतिक सम्पदाको संरक्षणका रूपमा नभई मानवअधिकारको अभिन्न विषयका रूपमा स्थापित गर्दै सरकार, निजी क्षेत्र, नागरिक समाज र आमनागरिकबीच प्रभावकारी सहकार्य अपरिहार्य रहेको वक्ताहरुले जोड दिएका थिए । अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक)गण्डकीप्रदेशकार्यालयको आयोजना तथा मानवअधिकार रक्षक सञ्जाल गण्डकी प्रदेशको समन्वयमा मंगलबार पोखरामा आयोजित 'वातावरण र मानवअधिकार' विषयक अन्तरक्रिया कार्यक्रममा वक्ताहरूले जलवायु परिवर्तन, प्रदूषण, वन विनाश र अव्यवस्थित विकासका कारण मानव जीवनका आधारभूत अधिकार नै जोखिममा पर्दै आएकोमा चिन्ता व्यक्त गरे ।



कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशसभा सदस्य गणेशमान गुरुङले नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको स्मरण गराउँदै वातावरण संरक्षणसम्बन्धी संवैधानिक व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्ने बताए। प्राकृतिक स्रोत, वन तथा वातावरण संरक्षणमा स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय र साझा जिम्मेवारी आवश्यक रहेको उनले धारणा राखे । राष्ट्रिय नागरिक मञ्चका सल्लाहकार विष्णुप्रसाद बराल ले कृषि क्षेत्रमा रासायनिक मल तथा विषादीको असन्तुलित प्रयोगले माटो, पानी र मानव स्वास्थ्यमा दीर्घकालीन असर पुऱ्याइरहेको भन्दै यसको सुरक्षित तथा सन्तुलित प्रयोगमा जोड दिए। भारतले नेपालको पानीको लागि भू–राजनीति गरेको उनको दाबी थियो । गैरसरकारी संस्था महासंघका पूर्वअध्यक्ष रामप्रसाद सुबेदीले स्वच्छ वातावरण र सुरक्षित खानेपानी मानवअधिकारकै आधारभूत पक्ष भएको उल्लेख गर्दै पानीका मुहान संरक्षण, प्रदूषण नियन्त्रण र प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा राज्य गम्भीर हुनुपर्ने बताए । उनले जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि, अनियमित वर्षा, बाढी र खडेरीका घटना बढ्दै गएको उल्लेख गरे । राष्ट्रिय मानवअधिकार आयोग गण्डकी प्रदेश कार्यालय प्रमुख नीतु गर्तौला ले वातावरण संरक्षणमा मानवअधिकारकर्मीको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्दै वातावरणीय अधिकार सुनिश्चित गर्न कानुनी व्यवस्था मात्र पर्याप्त नभई त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए। इन्सेक गण्डकी प्रदेश संयोजक गणेश भण्डारी ले विकास निर्माणका हरेक आयोजनामा वातावरणीय प्रभाव मूल्याङ्कनलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । जल, वायु, माटो तथा ध्वनि प्रदूषणले मानव स्वास्थ्यमा गम्भीर असर पारिरहेको उल्लेख गर्दै उहाँले फोहोर व्यवस्थापन, स्वच्छ खानेपानी, वृक्षारोपण र हरियाली संरक्षणका लागि स्पष्ट नीति, पर्याप्त बजेट र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए। पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतमले वातावरण संरक्षणमा निजी क्षेत्रको जिम्मेवारी बढेको बताउँदै हरित उद्योग, ऊर्जा दक्षता, फोहोर व्यवस्थापन र वातावरणमैत्री प्रविधिको प्रयोगलाई संस्थागत संस्कृतिका रूपमा विकास गर्नुपर्ने धारणा राखिन।

राष्ट्रिय बालअधिकार परिषद् का समन्वय अधिकृत बद्रिप्रसाद वाग्ले ले वातावरण संरक्षण वर्तमान पुस्ताको मात्र नभई भावी पुस्ताको जीवनसँग पनि प्रत्यक्ष जोडिएको विषय भएको उल्लेख गर्दै दिगो विकासलाई व्यवहारमा उतार्नुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश अध्यक्ष रमेश पौडेल, गैसस महासंघ गण्डकी प्रदेश अध्यक्ष पदमराज पहारी, गैसस कास्की अध्यक्ष इन्दिरा पौडेल, कोपिला नेपालकी कार्यकारी निर्देशक विना शिलवाल, एयरपोर्ट टोल विकास संस्थाकी कोषाध्यक्ष रिना थापा तथा समाजसेवी श्यामबहादुर श्रेष्ठ, सावित्री अधिकारी घिमिरे लगायत ले हरित पूर्वाधार, स्वच्छ ऊर्जा, फोहोर व्यवस्थापन, जलवायु परिवर्तन न्यूनीकरण तथा वातावरणीय अधिकारको संरक्षणका लागि सबै पक्षबीच साझा सहकार्य अपरिहार्य रहेको धारणा व्यक्त गरे। मानवअधिकार रक्षक सञ्जाल गण्डकी प्रदेशका संयोजक रामहरि ढुङ्गाना को अध्यक्षतामा सम्पन्न कार्यक्रममा इन्सेककी प्रलेख अधिकृत मञ्जिता नेपाली ले कार्यक्रमको उद्देश्यबारे जानकारी गराएकी थिइन् ।

## उपाध्यक्ष पौडेलको बन्दीप्रत्यक्षीकरणको मुद्दामा सक्कल मिसिल झिकाउने आदेश

**रासस**
काठमाडौं, १६ असार

सर्वोच्च अदालतले नेकपा (एमाले) का उपाध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलको बन्दीप्रत्यक्षीकरण रिट निवेदनमाथि सुनुवाइका गर्दै विशेष अदालतमा विचाराधीन सम्पत्ति शुद्धीकरण मुद्दाको सक्कल मिसिल झिकाउन आदेश गरेको छ।

न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र मेघराज पोखरेलको संयुक्त इजलासले नेकपा (एमाले) उपाध्यक्ष पौडेलकी पत्नी दोमाया पौडेलले गैरकानुनीरूपमा थुनामा राखिएको उल्लेख गर्दै बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमाथि सुनुवाइ गर्दै मंगलबार उक्त मिसिल झिकाउन आदेश गरेको हो ।

रिट निवेदनमा विशेष अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र जिल्ला प्रहरी कार्यालय, सुर्खेतलाई विपक्षी बनाउँदै गैरकानुनी थुनामुक्त गर्न माग गरिएको थियो । अदालतले मुद्दाको अभियोग पत्रसहितको सक्कल फाइल इजलास समक्ष देखाइ फिर्ता लैजाने गरी सम्बन्धित अदालतबाट झिकाइ मिति यही असार १८ गते पेशी तोक्न भनेको छ । आदेशमा रिट निवेदनसँग सम्बन्धित तथ्य र प्रमाणको समग्र अध्ययनका लागि विशेष अदालतबाट दीपक भट्ट प्रतिवादी रहेको सम्पत्ति शुद्धीकरण मुद्दाको सक्कल मिसिल, भट्टकै वैकिङ कसुर मुद्दा पाटनबाट झिकाउन भनिएको छ। आशिष श्रेष्ठसमेत रहेको बिमासम्बन्धी कसुर मुद्दाको काठमाडौँ जिल्ला अदालतबाट सक्कल मिसिल झिकाउने, सुलभ अग्रवालसमेत भएको धितोपत्रसम्बन्धी कसुरको मुद्दाको सक्कल मिसिल काठमाडौँ जिल्ला अदालतबाट झिकाउन भनिएको छ।

## गृहद्वारा ७७ वटै जिल्लाका होटल तथा रेष्टुरेण्टको नियमित अनुगमन गर्न निर्देशन

**रासस**
काठमाडौं, १६ असार

देशभर सञ्चालित होटल, रेष्टुरेण्टहरूका खानाको गुणस्तर र स्वच्छताको नियमित अनुगमन गर्न गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासनलाई निर्देशन दिएको छ।

गृहमन्त्रीस्तरीय निर्णयको आधारमा मन्त्रालयका शाखा अधिकृत सङ्गम सापकोटाले सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरेर अनुगमन त्यस्तो निर्देशन पठाउनुभएको हो । पत्रमा नियमनलाई केवल प्रक्रियामा मात्र सीमित नगरी परिणाममुखी बनाउनेतर्फ अग्रसर हुनका लागि आव्हान गरिएको छ। नागरिकको स्वास्थ्यमा प्रत्यक्ष प्रतिकूल असर पुऱ्याउने वा प्रचलित कानुनको उल्लङ्घन गर्ने जुनसुकै पक्षलाई कानुन बमोजिम हदैसम्मको कडा कारबाही गरिने शाखा अधिकृत सापकोटाद्वारा जारी परिपत्रमा भनिएको छ । गृह मन्त्रालयले देशभर सञ्चालित कतिपय होटल तथा रेष्टुरेण्टहरूमा खानाको गुणस्तर र स्वच्छता ज्यादै कमजोर रहेको सम्बन्धमा सर्वसाधारण नागरिकहरूबाट प्राप्त व्यापक गुनासाहरूप्रति गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । गृह मन्त्रालयले आमनागरिकका गुनासाहरू सहजै दर्ता गर्न सक्ने गरी जिल्ला प्रशासन कार्यालयमा एक गुनासो सुनुवाइ संयन्त्र (हटलाइन वा द्रूत सेवा डेस्क) तुरुन्त स्थापना गर्नका लागि निर्देशन दिएको छ। नागरिकस्तरबाट प्राप्त हुने प्रत्येक गुनासोलाई उच्च प्राथमिकतामा राखी तत्काल समाधान गर्न अनुरोध गरिएको छ। स्थानीय प्रशासनको प्रभावकारिता र नागरिक विश्वासलाई कायम राख्न साना-तिना विषयमा गुनासोकर्ताहरू केन्द्र वा मन्त्रालयसम्म धाउनुपर्ने स्थितिको पूर्णरूपमा अन्त्य गर्ने परम्पराको अन्त्य गर्न भनिएको छ।

## असार २० गते राष्ट्रिय कफी प्रदर्शनी तथा राष्ट्रिय कफी कपिङ च्याम्पियनसिप हुँने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

नेपाली कफीको उत्पादन, गुणस्तर, उपभोग तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यले पोखरामा राष्ट्रिय कफी प्रदर्शनी तथा राष्ट्रिय कफी कपिङ च्याम्पियनसिप हुने भएको छ।

नेपाल सरकार अन्तर्गत राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय पोखराको आयोजना तथा नेपाल कफी व्यवसायी महासंघ र केन्द्रीय कफी सहकारी संघको सहकार्यमा 'चिनौँ, चाखौँ, अपनाऔँ, प्रवर्द्धन गरौँ' भन्ने मूल नारासहित यही असार २० गते उक्त कार्यक्रम बोर्डको परिसर तथा कफि बगैचामा हुने भएको हो।




पोखरा-५, डुम्रीबोटस्थित राष्ट्रिय चिया तथा कफी विकास बोर्डको क्षेत्रीय कार्यालय परिसरमा हुने कार्यक्रममा गण्डकी प्रदेशका जिल्ला सहित पूर्वको इलामदेखि पश्चिमका बागमती प्रदेशका गुल्मी, पाल्पा सहितका करिब १५ जिल्लाका विभिन्न कफि प्रर्दशनी तथा कपिङ च्याम्पियनसिपमा प्रतियोगिहरुले सहभागि जनाउने भएको बोर्ड क्षेत्रीय कार्यालयका प्रमुख चन्द्र पुरीले बताउनु भयो । राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय पोखराका निमित्त क्षेत्रीय निर्देशक चन्द्र पुरीका अनुसार नेपालमा पछिल्ला वर्षहरूमा कफी खेती र कफी संस्कृतिप्रतिको आकर्षण उल्लेखनीय रूपमा बढ्दै गएको छ । उत्पादनदेखि प्रशोधन, गुणस्तर परीक्षण, बजारीकरण र उपभोगसम्मको सम्पूर्ण कफी मूल्य शृं लाबारे एकै स्थानबाट जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना हुन लागेको उहाँले जनाउनु भयो । कार्यक्रममा देशभरका कफी उत्पादक किसान, प्रशोधनकर्ता, व्यवसायी, सहकारी संस्था, क्याफे सञ्चालक, सरोकारवाला निकाय, उपभोक्ता तथा कफीप्रेमीहरूको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको छ। पोखरा पछिल्लो समय नेपाली स्पेसियालिटी कफीको महत्वपूर्ण केन्द्रका रूपमा विकसित हुँदै गइरहेकाले यस कार्यक्रमले नेपाली कफीको विशिष्ट स्वाद, गुणस्तर र पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा थप स्थापित गर्न सहयोग पुग्ने विश्वास गरिएको छ। कार्यक्रमका मुख्य आकर्षणमा राष्ट्रिय कफी कपिङ च्याम्पियनसिपका विजेतालाई १० हजार, उपविजेतालाई ७ हजार ५ सय र तेश्रो हुनेलाई ५ हजारको साथमा अवार्ड प्रदान गरीने भएको छ। कफी नर्सरी र बगैंचाको अवलोकन, उत्कृष्ट नेपाली कफीको निःशुल्क सार्वजनिक कपिङ, स्पेसियालिटी कफी ब्रुइङ प्रदर्शन, कफी बार तथा उपकरण प्रदर्शनी, निःशुल्क कफी स्वाद परीक्षण, कफी प्रशोधन तथा पहिचान प्रतियोगिता, बीउदेखि कपसम्मको सम्पूर्ण कफी मूल्य शृं लाको प्रदर्शनी, गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया, विज्ञबाट प्राविधिक परामर्श तथा कफीसम्बन्धी मनोरञ्जनात्मक गतिविधिहरू हुने भएको प्रमुख पुरीले जनाउनु भयो। कार्यक्रममा प्रवेश निःशुल्क रहने भएको छ। यसैबिच, शनिबार हुने उक्त कार्यक्रमको एक समारोहका बिच गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ।

यसैगरी नेपालमा कफी खेतीको सुरुआत करिब ८८ वर्षअघि भएको मानिन्छ । इतिहासअनुसार सन्त होरा गिरीले बर्मा (हालको म्यानमार) बाट कफीको बीउ ल्याई गुल्मी जिल्लाको आँपचौरमा रोपण गरेपछि नेपालमा कफी खेतीको प्रारम्भ भएको हो। कफी नेपालको रैथाने बाली नभए पनि अहिले यो किसानका लागि अतिरिक्त आम्दानीको भरपर्दो नगदे बालीका रूपमा स्थापित हुँदै गएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा रोजगार मेला हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

यही असार १९ गते पोखरामा रोजगार मेला (जब फेयर) आयोजना हुँदैछ। पोखरा उद्योग वाणिज्य संघ तथा ग्रोथ सेलर्सको आयोजना तथा पोखरा महानगरपालिकाको प्रवर्द्धनमा बुलौंदीमा रहेको इभेन्ट सेण्टरमा मेला आयोजना हुन लागेको हो।

यो मेला जागिर खोज्ने र जागिर दिनेहरुबीच प्रत्यक्ष भेटघाट गराउने र रोजगार चाहनेलाई त्यही ठाउँमा रोजगारी प्रदान गर्ने उद्देश्यले आयोजना गर्न लागिएको पोखरा उद्योग वाणिज्य संघका उद्योग उपाध्यक्ष तथा संघको तर्फबाट मेला संयोजक दिनेशचन्द्र बास्तोलाले जानकारी दिए। मेलामा रोजगार चाहनेहरुले आफ्नो व्यक्तिगत विवरण पेश गर्नेदेखि रोजगारदाताले आफूलाई चाहिएको जनशक्तिबारे जानकारी दिने कार्यक्रम तय भएको पनि उपाध्यक्ष बास्तोलाको भनाइ छ। सो मेलामा नेपालका प्रतिष्ठित रोजगारदाता कम्पनीहरुको सहभागिता रहने पनि उनले बताए । उनका अनुसार मेलामा लक्ष्मी समूहदेखि भाटभटेनी सुपर मार्केट, गोर्खा ब्रुअरी, सोल्टी वेष्ट पोखरा, अन्नपूर्ण केवलकार,सेल्सबेरी, एनपीएल, ब्ल्याकटेक प्रालि, आइएमई खल्ती लिमिटेड, वर्ल्डलिङ्क कम्युनिकेसन, प्रमु महालक्ष्मी इन्स्योरेन्स लिमिटेड,रमेश कर्प प्रालि,नेपाल मणिपाल टिचिङ अस्पताल प्रालि,थियो।

गो क्लिन इनर्जि प्रालि, सिद्धीविनायक स्न्याक्स एण्ड नुडल्स, मुक्तिनाथ विकास बैंक, होलट बाराही, आइएमई अटोमोवाइल्स, धरोहर कन्सल्ट्यान्स एण्ड कन्सल्टिङ प्रालि, सिटिजन लाइफ इन्स्योरेन्स, अटोवेज प्रालि, पोखरा नुडल्स प्रालि, फुडमाण्डु प्रालि, रुपाकोट सिसोर्ट प्रालि, क्युएफएक्स, सूर्यज्योति लाइफ इन्स्योरेन्स, मोअ राइड्स प्रालि, इसेवा, टेम्पलबेल बुटिक होटल, ट्यान्कुलिटी स्पा, टेम्पल ट्री होटल एण्ड स्पा, बेटर एप्लायन्सेस, सिद्धार्थ इन्स्योरेन्स प्रालि, पोखरा इन्टरनेट तथा अर्मला केवल, डिस होम, नेपाल क्यान ग्रुप, सन्ध्या जब्स,बन्दीपुर केवलकार, मारुती सिमेण्ट, युनाइटेड डिष्ट्रिब्यूटर्स, नासा सेक्युरिटीज तथा म्याजेष्टिक लेकफ्रन्ट होटलसम्मले रोजगार मेलामा सहभागिता जनाउँदै छन्।

# काठमाडौं विश्वविद्यालयको बिआईटि कोर्ष प्रतिभा बिजनेस स्कुलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

काठमाडौं विश्वविद्यालयअन्तर्गत सञ्चालन हुँदै आएको सूचना प्रविधिमा स्नातक (बिआईटी) कोर्ष कार्यक्रम अब पोखराको प्रतिभा बिजनेस स्कुल मा सञ्चालन हुने भएको छ।

विद्यालयले मंगलबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमार्फत आगामी शैक्षिक सत्रदेखि उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको जानकारी गराएको हो। पत्रकार सम्मेलनमा विद्यालयका प्राचार्य रवि प्रसाद बरालले सूचना प्रविधिसँगै उद्यमशीलता, नैतिकता र नेतृत्व विकासलाई जोडेर गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालयको लक्ष्य रहेको बताउनुभयो। उहाँले विद्यार्थीलाई केवल डिग्री हासिल गराउने नभई उद्योग, व्यवसाय तथा रोजगारीका अवसरसँग प्रत्यक्ष जोड्ने वातावरण निर्माण गरिने उल्लेख गर्नुभयो।

प्राचार्य बरालले भन्नुभयो, "अब हाम्रो शिक्षालाई विज्ञान-प्रविधिसँगै उद्यमशीलता र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पहुँच हुने गरी विकास गर्नुपर्छ। हामी विद्यार्थीलाई उत्कृष्ट भविष्य निर्माण गर्न आवश्यक आधुनिक प्रविधि, व्यावहारिक सीप र नैतिक शिक्षा प्रदान गर्नेछौं ।" लामो समयदेखि सूचना प्रविधि क्षेत्रमा काम गरेको अनुभवका आधारमा पोखरामै अन्तर्राष्ट्रिय स्तरको आईटी शिक्षा उपलब्ध गराउने उद्देश्यले बिआईटि कोर्ष (कार्यक्रम) सञ्चालनमा ल्याइएको बरालले जनाउनु भयो।

विद्यालयका अध्यक्ष नारायण प्रसाद पौडेलले पोखरालाई सूचना प्रविधिमैत्री तथा स्मार्ट सहर बनाउने अभियानमा विद्यालयले आफ्नो भूमिका निर्वाह गर्ने बताउनुभयो। गण्डकी प्रदेशमै दक्ष र प्रतिस्पर्धी सूचना प्रविधि जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ नयाँ कार्यक्रम सञ्चालन गर्न लागिएको उल्लेख गर्दै उहाँले "पढ्दै कमाउँदै" अभियानलाई समेत यस कार्यक्रमले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

त्यसैगरी, प्रतिभा फाउन्डेसनका निर्देशक किरण सापकोटाले समयको मागअनुसार काठमाडौं विश्वविद्यालयमा सफलतापूर्वक सञ्चालन हुँदै आएको बिआईटि कार्यक्रम अब पोखराका विद्यार्थीका लागि उपलब्ध गराउन लागिएको जानकारी दिनुभयो। विद्यालयले भविष्यमा करिब २०० जना विद्यार्थी अध्ययन गर्न सक्ने पूर्वाधार तयार गर्न सक्ने भए पनि विश्वविद्यालयकोमापदण्डअनुसार पहिलो चरणमा ३० जना विद्यार्थीलाई मात्र भर्ना गरिने उहाँले बताउनुभयो। विद्यालयका अनुसार बिआईटि कार्यक्रम अन्तर्गत विद्यार्थीले सफ्टवेयर इन्जिनियरिङ, फुलस्ट्याक विकास, साइबर सुरक्षा, डाटा विज्ञान, आर्टिफिसियल इन्टेलिजेन्स, नेटवर्क इन्जिनियरिङ, क्लाउड कम्प्युटिङ, मोबाइल लगायतको प्रयोग गर्नेछन् । साथै परियोजनामूलक सिकाइ, प्रयोगात्मक कक्षा, उद्योगसँगको सहकार्य, अनुसन्धान, इन्टर्नशिप तथा करियर काउन्सेलिङमार्फत विद्यार्थीलाई वास्तविक कार्यक्षेत्रका लागि तयार पारिने जनाइएको छ। विद्यालयले अब गण्डकी प्रदेश तथा आसपासका विद्यार्थीले काठमाडौं वा विदेश धाउनुपर्ने बाध्यता कम हुने विश्वास व्यक्त गर्दै पोखराबाटै काठमाडौं विश्वविद्यालयको गुणस्तरीय सूचना प्रविधि शिक्षा अध्ययन गर्न सकिने वातावरण सिर्जना भएको जनाएको छ । यस पहलले पोखरालाई सूचना प्रविधि, नवप्रवर्तन र उच्च शिक्षाको केन्द्रका रूपमा विकास गर्न महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा विद्यालयको रहेको छ।

# लगातार तेस्रो जितसँगै स्याङ्जा र कास्की शीर्ष स्थानमा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

तेस्रो गण्डकी महिला टी-२० क्रिकेट प्रतियोगिता २०२६ मा स्याङ्जा र कास्कीले लगातार तेस्रो जित निकाल्दै अंक तालिकाको शीर्ष स्थानमा रहेका छन्।

लिगका ३/३ खेलमा जित हासिल गरेका स्याङ्जा र कास्कीको समान ६/६ अंक रहेको छ भने लिग विजेता बुधबार हुने खेलबाट टुंगो लाग्ने भएको छ। बुधबार स्याङ्जा र कास्की बिचको खेलमा जसले जित्छ उक्त टोली प्रदेश स्तरिय क्रिकेटको लिग च्याम्पियन र पराजित हुने टोली उपविजेता हुने भएको प्रादेशिक क्रिकेट संघ गण्डकीका अध्यक्ष संजयकान्त सिग्देलले बताउनु भयो। उहाँका अनुसार भोलि विहान पहिलो खेल पर्वत र नवलपुर बिच हुने भएको छ। तीन खेलबाट शतप्रतिशत नतिजा निकाल्दै स्याङ्जाले नेट रनरेट +६.०३४५ रहेको छ, जुन प्रतियोगितामा सबैभन्दा उत्कृष्ट हो कास्की महिला टोली पनि लगातार तीनै खेल जित्दै ६ अंकसहित दोस्रो स्थानमा रहेको छ। समान अंक भए पनि नेट रनरेट +२.३१४३ भएकाले कास्की दोस्रो स्थानमा परेको हो। नवलपुर र पर्वतले समान तीन खेलमध्ये एक-एक खेल जितेका छन्। दुवै टोलीको २-२ अंक रहे पनि राम्रो नेट रनरेटका आधारमा नवलपुर तेस्रो र पर्वत चौथो स्थानमा छन्। चार खेल खेलिसकेको बागलुङ भने अझै जितविहीन छ। लगातार चार खेलमा हार बेहोरेको बागलुङ अंकविहीन रहँदै तालिकाको पुछारमा रहेको छ।

यसैबिच मंगलबार भएको खेलमा स्याङजाले पर्वतलाई १ सय १४ रनको फराकिलो अन्तरले पराजित गऱ्यो। अर्को खेलमा कास्कीले बागलुङलाई ४३ रनले पराजित गर्दै आफ्नो अपराजित यात्रा कायमै राखेको हो।

# हल गोरु पाल्ने एकसय १५ कृषकलाई पाँच हजार रकम प्रदान

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १६ असार

स्याङ्जाको गल्याङ नगरपालिकाले हल गोरु पाल्ने कृषकलाई प्रोत्साहनस्वरुप रु पाँच हजार उपलब्ध गराएको छ।

पछिल्लो समय बढ्दो प्रविधिको प्रयोगसँगै हल गोरु पाल्ने क्रम घट्दै गएकाले हल गोरु पाल्नतर्फ कृषकलाई आकर्षित गर्नकालागि प्रोत्साहनस्वरुप ११५ कृषकलाई रकम उपलब्ध गराईएको हो।

एकसय १५ कृषकका एकसय १६ हल गोरुको आवेदन आएकाले सोका आधारमा प्रतिकृषक रु पाँच हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइएको गल्याङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज अधिकारीले बताउनुभयो।

पछिल्लो समय यान्त्रिक हलो (पावर टिलर) को प्रयोग बढ्दै जाँदा यान्त्रिक हलो चलाउने दक्ष जनशक्तिको अभाव हुने, ग्रामीण भेगहरूमा सहजरुपमा इन्धन नपाइने र यान्त्रिक हलो बिग्रेपछि मर्मत गर्नका लागि झन समस्या हुने भएकाले कृषकहरूलाई हल गोरु पाल्नतर्फ आकर्षित गर्न प्रोत्साहन अनुदान दिइएको हो।

चालु आर्थिक वर्ष २०८२/०८३ कालागि हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले कृषक प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिएको हो। नगरपालिकाले हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन रकम उपलब्ध गराउनका लागि हल गोरु पालेका कृषकहरूसँग आवेदन माग गर्नेसम्बन्धी सूचना गरेको थियो। सूचनाका आधारमा नगरपालिकाका ११ वटै वडाबाट ११६ हल गोरु पाल्नुभएका कृषकले आवेदन दिएकाले प्रोत्साहन रकम उपलब्ध गराइएको नगरपालिकाका पशु सेवा शाखाका प्राविधिक महादेव बनले जानकारी दिनुभयो।

"नगरपालिकाबाट हल गोरुसम्बन्धी प्रोत्साहन रकम उपलब्ध गराउनकालागि कृषकहरूसित आवेदन माग गऱ्यौं", उहाँले भन्नुभयो, "सूचनाका आधारमा कृषकले गोरुको बिमा गरेको, गोठमा रहेको हल गोरुको तस्बिरसहित आवेदन दिनुभएपछि नगरपालिकाबाट अनुगमन गरेपछि कृषकको खातामा रकम भुक्तानी गरिएको हो।"

नगरपालिकाभित्र हल गोरुको सङ्ख्या आवेदन आएकाभन्दा धेरै रहेको तर कृषकले जानकारी पाएर पनि आवेदन नदिएको हुनसक्ने उहाँको दाबी छ। आगामी आर्थिक वर्ष २०८३/०८४ कालागि पनि हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइएको छ। आगामी आवमा चालु आवमा प्रोत्साहन अनुदान नपाएका कृषकले अनुदान पाउने भएका छन्।

# चुनावमा सबैभन्दा बढी मिथ्या सूचना सामाजिक सञ्जालबाट

**रासस**
काठमाडौं, १६ असार

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा सबैभन्दा बढी मिथ्या सूचना सामाजिक सञ्जालबाट फैलाइएको पाइएको एक अनुसन्धानले देखाएको छ।

सेन्टर फर मिडिया रिसर्च (सिएमआर)ले गरेको अनुसन्धान प्रतिवेदनअनुसार निर्वाचनको समयमा सामाजिक सञ्जालमार्फत सबैभन्दा बढी मिथ्या सूचना प्रवाह भएको थियो । मंगलबार यहाँ आयोजित कार्यक्रममा सिएमआरका कार्यकारी निर्देशक तिलक पाठकले निर्वाचनका समयमा गरिएको अनुसन्धानमा सबैभन्दा बढी अर्थात् ८७ प्रतिशत मिथ्या सूचना सामाजिक सञ्जालले फैलाएको पाइएको जानकारी दिनुभयो। सामाजिक सञ्जालमा पनि सबैभन्दा ठूलो मिथ्या सूचनाको बाहक फेसबुक रहेको पनि उक्त अनुसन्धानबाट खुलेको उहाँको भनाइ छ।

त्यसपछिसबैभन्दा बढी मिथ्या सूचनाको बाहक आर्टिफिसिएल इन्टेलिजेन्स (एआई) निर्मित सामग्रीहरू पाइएको पनि सो अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। यस्ता सामग्रीको बाहक पनि अधिकांश सामाजिक सञ्जाल नै रहेको र कतिपयले अन्य माध्यमबाट पनि सम्प्रेषण एवं प्रचारप्रसार गर्ने गरेका पाइएको छ।

यस्ता कतिपय भिडियो या सामग्री मनगढन्ते र सन्दर्भ बङ्ग्याइएको अवस्थामा पाइएका पनि भेटिएको थियो । पूरै काल्पनिक या कृत्रिम सामग्री निर्माण, नयाँ घटनाजस्तो बनाएर पुराना फुटेजहरूको प्रयोग, घटना भएकै जस्तो गरी निर्माण गरिएका दृश्यहरू मिथ्या सूचनाका रूपमा प्रयोगमा ल्याइएको अनुसन्धानका क्रममा पाइएको थियो । सो अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्दै कार्यकारी निर्देशक पाठकले एआई अहिलेको अवस्थामा हेर्दा मिथ्या सूचना निर्माणकर्ता जस्तो देखिए पनि यो प्रमुख नभएर हाल उदाउँदो अवस्थामा रहेको र मुख्य बाहक त फेसबुकसहितका सामाजिक सञ्जालहरू देखिएको बताउनुभयो । त्यस क्रममा आएका मिडियाका सामग्रीको तथ्य जाँच भएको भए पनि तथ्यजाँचकर्तासँग पर्याप्त मात्रामा एआई पहिचान गर्ने उपकरण नभएको सम्पादित भिडियो नै प्रयोग हुने गरेकाले त्यो बढी चूनौतीपूर्ण रहेको उहाँले बताउनुभयो।

पत्रकारिताका सामग्रीहरू पनि मिथ्या सूचनालाई प्रवर्द्धन गर्नेगरी उत्पादन भएका पाइएको तर ती समाचार सामग्रीको भने तथ्या जाँच गर्ने काम भएको पनि सो अनुसन्धानमा पाइएको छ। राज्यका तर्फबाट, निर्वाचन आयोग, नागरिक समाज, मिडिया, स्वयं राजनीतिक दल र उम्मेदवारहरूले पनि यस्ता मिथ्या सूचनाको तथ्यजाँच गर्ने गरेका तर ती प्रयास पनि अपुग रहेका सो अनुसन्धानमा पाइएको छ।

त्यस्तै सामाजिक सञ्जालमा प्रयोग गरिएका कतिपय पोष्टहरू पछि मेट्ने गरिएकाले तिनलाई पछि पुनःपुष्टि गर्न सजिलो नभएको पाइएको छ । यसरी तथ्य जाँचपछि कतिपय सामग्री सामाजिक सञ्जालबाट हटाइएको र यसका लागि मेटा कम्पनीसँग निर्वाचन आयोगले सम्झौता पनि गरेको थियो।

साथै सो अनुसन्धानले निर्वाचनपूर्व द्रूत प्रतिक्रिया संयन्त्र स्थापना गर्न, सामाजिक सञ्जाल प्लेटफर्म जवाफदेहिताको आधिकारिक र अधिकारसहितको ढाँचा निर्माण गर्न, मिथ्या सूचनालाई द्वन्द्व सूचकका रूपमा लिएर त्यसमाथि आवश्यक कारबाहीको प्रक्रिया निर्माण गर्न पनि सुझाव दिइएको छ।

# स्याङ्जाका चार उत्कृष्ट कृषक सम्मानित

**पोखरापत्र संवाददाता**
वालिङ, १६ असार

स्याङ्जाका उत्कृष्ट चार कृषकलाई सम्मान गरिएको छ। जिल्लास्थित कृषि विकास कार्यालयले २३औं राष्ट्रिय धान दिवसका अवसरमा कृषि क्षेत्रमा उत्कृष्ट र उदाहरणीय कार्य गर्दै आएका चार जनालाई सम्मान गरेको हो।

कृषिलाई आम्दानीको मुख्य स्रोत बनाएका कृषकमध्ये जिल्लाभरिबाट यस वर्ष चार जना कृषक सम्मानित हुनुभएको कृषि विकास कार्यालयका कृषि अर्थविज्ञ नारायणप्रसाद पाठकले जानकारी दिनुभयो । उहाँका अनुसार व्यावसायिक रूपमा सुन्तलाखेती गर्दै आउनुभएका पुतलीबजार नगरपालिका-७ का रामकाजी राना र भीरकोट नगरपालिका-७ का शालिकराम अर्याल सम्मानित हुनुभएको हो। त्यस्तै, व्यावसायिक रूपमा तरकारीखेती गर्दै आउनुभएका वालिङ नगरपालिका-६ लालुपातेका रेशमलाल रेग्मी र व्यावसायिक रूपमा भैंसीपालन गर्दै आउनुभएका भीरकोट-६ का शिव खत्री क्षेत्री सम्मानित हुनुभएको हो। कृषिलाई मुख्य आम्दानीको स्रोतका रूपमा अगाडि बढाएका, कृषिमा नवीनतम सोचको प्रयोग गरेका, प्रविधिको प्रयोगमा जोड दिएका, कृषिजन्य वस्तुको उत्पादन, बजारीकरण, क्षेत्रफल, आम्दानीलगायत मापदण्डका आधारमा मूल्याङ्कन गरी छनोट गरिएको कृषि अर्थविज्ञ पाठकले बताउनुभयो। "जिल्ला कृषि विकास कार्यालयले बर्सेनि विभिन्न विधाका उत्कृष्ट कृषकलाई सम्मान गर्दै आएको छ", उहाँले भन्नुभयो, "कृषकलाई कृषि पेसातर्फ थप आकर्षित गर्न र व्यावसायिक अभिवृद्धि गर्दै प्रोत्साहन गर्नका लागि सम्मान गर्ने गरिएको हो।" जिल्ला कृषि विकास कार्यालयले सम्मानका लागि कृषकसँग आवेदन माग गर्दछ। यस वर्ष विभिन्न विधाका १३ जना व्यावसायिक कृषकले आवेदन दिनुभएको थियो। यस वर्ष कृषिजन्य वस्तुको उत्पादनभन्दा पशुपन्छी पालन गर्दै आएका कृषकको कम आवेदन परेको थियो । कार्यालयले कृषकलाई जनही रु १० हजारसहित सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरेको हो।

# बिमवाङमा खेलमैदान निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ असार

मालिका गाउँपालिका-७ बिमवाङमा खेलमैदान निर्माण गरिएको छ।

बिमवाङ युवा क्लबले दाताको सहयोग जुटाएर रु २१ लाखमा खरिद गरेको करिब नौ रोपनी जमिनमा खेलमैदान निर्माण गरिएको हो । क्लबका अध्यक्ष ओमकार गर्बुजाले भन्नुभयो, "क्लब, आमा समूहलगायत बिमवाङमा रहेका सङ्घ संस्था, स्वदेश तथा विदेशमा रहेका दाताबाट सहयोग जुटाएर जमिन खरिद गरेका हौं।"

उहाँले भन्नुभयो मैदानमा "क्रिकेट, ब्याडमिन्टन, भलिबल, बाँस्केटबल, फुटबल र एथलेटिक्स बिधाका खेल अभ्यास र प्रतियोगिता सञ्चालन गर्न सहज भएको छ ।" क्लबका सचिव बिष्णु सुवेदीले यसअघि खेलमैदान अभावमा खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्न समस्या भएको थियो । खेलमैदान परिसरमा सार्वजनिक शौचालय, क्लवको भवनसहितको स्टेज र प्याराफिट निर्माणले पूर्णता पाएको छ । मालिका गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बिमवाङ खेलमैदान निर्माणका लागि रु तीन लाख बजेट विनियोजन गरेको वडाध्यक्ष टकलाल पुनले बताउनुभयो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# नतिजा विश्वासनीय बनाऊ

एसईई र कक्षा १२ को नतिजा छिटो प्रकाशन गरेको भन्दै सरकार र राष्ट्रिय परीक्षा बोर्डको प्रशंसा भइरहे पनि परीक्षाको विश्वसनीयतामा प्रश्न उठेको छ। बोर्डले परीक्षा सकिएको ४० औं दिनमा कक्षा १२ र २९ औं दिनमा एसईईको नतिजा सार्वजनिक गरेको थियो। यसअघि नतिजा प्रकाशनका लागि ७० देखि ९० दिनसम्म लाग्ने गरेको थियो। चाँडो नतिजा निकाल्न खोज्दा गल्ती भेटिएको भन्दै विरोध पनि भएको छानेपाली उखान हतारको काम लतारपतार भएको त होइन भन्ने आशंका छ। नतिजामा चित्त नबुझेको भन्दै कक्षा १२ का परीक्षार्थीले काठमाडौंको माइतीघरमा प्रदर्शन नै गरे । उनीहरूले शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको राजीनामासमेत मागेका छन। नतिजामा चित्त नबुझेका कक्षा १२ का ३२ हजार ८ सय विद्यार्थीले पुनर्योगका लागि आवेदन दिएका छन ।

एसईईको नतिजामा पनि चित्त नबुझेर ३२ हजार २ सय विद्यार्थीले आवेदन दिएका थिए। तीमध्ये १ हजार ८ सय ७९ जनाको नतिजामा परिवर्तन आएको परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले जनाएको छ। आवेदन दिनेमध्ये ५.८१ प्रतिशत विद्यार्थीको नतिजामा परिवर्तन आएको छ। गत वर्ष २६ हजार ३ सय विद्यार्थीले आवेदन दिँदा ८ सय ९० जना अर्थात् ३.३२ प्रतिशतको नतिजामा परिवर्तन देखिएको थियो । कक्षा १२ मा भने गत वर्षभन्दा थोरैले मात्र पुनर्योगका लागि आवेदन दिएका छन। गत वर्ष ४२ हजार २ सय जनाले पुनर्योगका लागि आवेदन दिँदा ३ प्रतिशत हाराहारीमा नतिजा परिवर्तन आएको थियो। यस वर्ष पुनर्योगका लागि आवेदन दिएका विद्यार्थीको नतिजा आइसकेको छैन।

विद्यार्थीले नतिजामा आशंका गर्दै काठमाडौंमा प्रदर्शन गरेपछि शिक्षामन्त्री पोखरेलले मन्त्रालय र पाठ्यक्रम विकास केन्द्रका उपसचिव प्रतिनिधि रहेको अध्ययन समिति गठन गरेका छन् । समितिले उत्तरपुस्तिका स्याम्पलिङ परीक्षण, परीक्षांक तथा डेटा इन्ट्रीको भेरिफिकेसनलगायत काम गरी प्रतिवेदन बुझाउने मन्त्रालयले जनाएको छ। हतारमा नतिजा सार्वजनिक गर्दा त्रुटि बढेको आरोप लागेपछि मन्त्री पोखरेलले जनशक्ति थप र प्रशासनिक प्रक्रियाहरू छोट्याएर चाँडो नतिजा प्रकाशित गर्ने व्यवस्था गरिएको स्पष्टीकरण दिएका थिए। गत वर्षदेखि पुनर्योगका लागि अनलाइन आवेदन दिन सक्ने व्यवस्था गर्दै बोर्डले शुल्कसमेत वृद्धि गरेको थियो। एसईईको पुनर्योगका लागि ५ सय र कक्षा १२ को प्रत्येक विषयको पुनर्योगका लागि १ हजार शुल्क लाग्ने व्यवस्था गरिएको छ। शुल्क वृद्धि गरिएकामा विद्यार्थी, अभिभावकले विरोध गरेका छन् भने बोर्डका गल्तीका कारण नतिजा परिवर्तन हुँदा विद्यार्थीले शुल्क तिर्नुपर्ने व्यवस्था झन् अन्यायपूर्ण भएको उनीहरूको गुनासो छ। पुनर्योगका क्रममा विद्यार्थीको नतिजा फरक हुन गएको खण्डमा शुल्क विद्यार्थीलाई नै फिर्ता गरिनुपर्छ। बोर्डको गल्तीको सजाय परीक्षार्थीले पाउनु हुँदैन।

गत वर्षको कक्षा १२ को पुनर्योग नतिजामा शिक्षकले अंक जोड्दा, पोस्टिङ गर्दा र बोर्डले कम्प्युटरमा प्राप्तांक इन्ट्री गर्दा त्रुटि भेटिएको थियो। यस वर्ष एसईईको नतिजामा पनि त्यस्तै किसिमका त्रुटि भएका थिए। ७० अंक प्राप्त विद्यार्थीको ७ अंक मात्रै इन्ट्री भएको, प्राप्तांक जोड्दा परीक्षक शिक्षकबाट गल्ती भएको भेटिएको परीक्षा नियन्त्रकले स्वीकारेका छन । यस पटक एसईईका करिब १ हजार उत्तरपुस्तिका हराएका थिए। परीक्षण केन्द्रहरूमै छुटेको अवस्थामा केही उत्तरपुस्तिका भेटिएको थियो। विद्यार्थी, शिक्षक, विद्यालयले सिम्बोल नम्बर, नाम, थर, जन्ममितिलगायत त्रुटि गर्दा नतिजा मिसिङ भएर बर्सेनि केही विद्यार्थीले दुःख पाउने गरेका छन्। जसले परीक्षण प्रक्रियाप्रति प्रश्न उठाएको छ। विद्यार्थीको भविष्य केवल एउटा तथ्यांक वा उत्तीर्ण प्रतिशतले मात्र निर्धारण हुँदैन। उत्तरपुस्तिका जाँचमा सानो लापरबाहीले पनि हजारौं विद्यार्थीको भविष्य, आत्मविश्वास र अवसरहरूमा असर पर्न सक्छ। 'त्यसैले नतिजा छिटो निकाल्नु मात्र उपलब्धि होइन। निष्पक्ष, सही र विश्वसनीय मूल्यांकन सुनिश्चित गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हो।

१३ चैतमा वालेन्द्र शाहको नेतृत्वमा सरकार गठनपछि ३० देखि ४५ दिनभित्र नतिजा प्रकाशन गर्ने बोर्डलाई निर्देशन दिइएको थियो। कक्षा १२ को उत्तरपुस्तिका परीक्षण गर्ने केन्द्र पनि २८ बाट वृद्धि गरेर ४२ वटा पुऱ्याइयो। तर उत्तरपुस्तिका परीक्षण संलग्नमा शिक्षकहरूलाई तालिम नदिएका कारण त्रुटि बढेको बोर्डका अधिकारीहरूको भनाइ छ। एसईईको उत्तरपुस्तिका कुन शिक्षकले परीक्षण गरेको छ भन्ने गोपनीयता कायम नगरेका कारण पनि आशंका र अविश्वास बढेको छ। गत वर्षहरूमा उत्तरपुस्तिका कोडिङपछि फरक-फरक जिल्लामा पुऱ्याएर विज्ञ शिक्षकहरूलाई अभिमुखीकरण तालिमपछि मात्रै परीक्षण सुरु गरिन्थ्यो। यस पटक अनलाइन तालिम सञ्चालन गरिएको थियो। परीक्षा र परीक्षण विश्वासिलो बनाउन सके अहिले गरिएका आशंका हटेर जानेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# खडेरीले रोपाइँ प्रभावितः मध्य असारसम्म ३८ प्रतिशत

पोखरापत्र संवाददाता
बागलुङ, १६ असार

मध्य असारसम्म पनि पर्याप्त वर्षा नहुँदा बागलुङमा धान रोपाइँ प्रभावित भएको छ। अघिल्लो वर्ष यतिबेला ६० प्रतिशत रोपाइँ सकिएको थियो भने यस वर्ष मध्य असारसम्म ३८ प्रतिशत मात्रै रोपाइँ भएको छ।

पश्चिम बागलुङका केही क्षेत्रमा रोपाइँ भए पनि जिल्ला सदरमुकाम आसपासका अधिकांश खेत अझै सुक्खा छन् । जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख कुमार पुनमगरका अनुसार यसबेलासम्म आधाभन्दा बढी क्षेत्रमा रोपाइँ सकिनुपर्नेमा पर्याप्त वर्षा नभएकाले ३८ प्रतिशत क्षेत्रमा मात्रै धान रोपिएको हो।

कुल पाँच हजार ७१० हेक्टर क्षेत्रफलमा धानखेती हुने बागलुङमा मध्य असारसम्म दुई हजार १७० हेक्टरमा मात्रै रोपाइँ भएको प्रमुख पुनमगरले जानकारी दिनुभयो। अहिलेसम्म खोला तथा सिँचाइको सुविधा भएका क्षेत्रका खेतमा मात्रै रोपाइँ भएको उहाँले बताउनुभयो।

"अहिलेसम्म आधाभन्दा बढी क्षेत्रमा धान लगाइसक्नुपर्ने हो, तर वर्षा नहुँदा पानीका मुहान फुटेका छैनन् । खोलानालामा पनि पानी निकै कम भएकाले सिँचाइको व्यवस्थापन राम्रो छैन", प्रमुख पुनमगरले भन्नुभयो, "खोल्सा, खोला तथा सिँचाइको नियमित सुविधा भएका क्षेत्रका खेतमा मात्रै रोपाइँ भएको छ। अन्य ठाउँमा भने रोपाइँ हुन सकेको छैन।"

निसीखोला, गलकोट र ढोरपाटनका केही क्षेत्रमा रोपाइँ भए पनि बागलुङ नगरपालिका, बडिगाड, जैमिनी र बरेङलगायत क्षेत्रमा रोपाइँको कुनै सुरसार छैन। निसीखोला गाउँपालिका-४ का किसान तुलप्रसाद पौडेलले जेठको अन्तिम साता रोपाइँ गरेको भए पनि वर्षा नहुँदा रोपेको धानको गाभा सुक्न थालेको बताउनुभयो । तीन-चार महिनादेखि पर्याप्त वर्षा नहुँदा धानसँगै बारीमा लगाएको मकैसमेत सुक्ने अवस्थामा पुगेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "यो आकाशले के गरेको होला ? यति धेरै समय बितिसक्यो, अहिलेसम्म पानी पर्दैन । सुरुमै रोपाइँ गरियो, अहिले धानका बिरुवा मरेर खेत खाली हुन थाले । वर्षा हुन्छ कि भनेर रोपाइँ गरेका थियौँ, तर अहिलेसम्म एक थोपा पानी परेको छैन।"

लामो खडेरीका कारण ब्याडमा राखिएको धानको बिउसमेत मर्ने अवस्थामा पुगेको बडिगाड गाउँपालिका-५ का पुस्कर घिमिरेले बताउनुभयो । वर्षा नहुँदा खोलानालामा पानीको मात्रा निकै कम भएकाले रोपाइँ गर्न समस्या भएको उहाँको भनाइ छ। राम्रो वर्षा नभएसम्म रोपाइँ गर्न नसकिने घिमिरेले बताउनुभयो। बागलुङमा वार्षिक २० हजार ६०० मेट्रिकटन धान उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण


पोखरा महानगरपालिका वडा नं. १०, जय श्री मुक्तिनाथ सन्तसेवा श्री आश्रम रामघाट पोखरा निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः जय श्री मुक्तिनाथ सन्तसेवा श्री आश्रम रामघाट पोखरा
ठेगानाः पोखरा-१०, रामघाट
योजना सम्झौता मिति : २०८२/११/१२ गते
योजना सुरु मितिः २०८२/११/१३ गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/३० गते
योजनाको कुल लागतः रु. २७,८०,०००।–
महानगरपालिकाबाटः रु. २५,००,०००।-
जनसहभागिताबाटः रु. २,८०,०००।-
उपभोक्ता समिति अध्यक्षः उर्मिला के.सी. बस्नेत
सम्पर्क नं.: ९८४६५५१०००
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ५ पुरुषः ४ जना

**जय श्री मुक्तिनाथ सन्तसेवा आश्रम उपभोक्ता समिति रामघाट पोखरा-१०**



## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला फेदीखोला गाँउपालिका वडा नं. ०३ निवासी भारतीय भु.पु. सैनिक नं. 5750062 K का कृष्ण बहादुर रानाभाटको माग निवेदन अनुसार निजको नामथर नेपाली नागरिकता नं. ८१३६ मा कृष्ण बहादुर रानाभाट र जन्ममिति २०१५/१२/१९ (01 April 1959 A.D) गते भएको र भारतिय सैनिक अभिलेखमा नामथर कृष्ण बहादुर मगर र जन्ममिति २०१७/०१/०२ (14 April 1960 A.D) भएको साथै श्रीमती कान्छीमाया रानाभाटको नेपाली नागरिकताको प्रमाण पत्र नं. ८१३७ मा नामथर कान्छी माया रानाभाट र जन्ममिति वि.स. २०२०।११।२२ (05 March 1964 A.D) भएको र निजको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर रिता मगर र जन्ममिति वि.स. २०२३।०३।२१ (05 July 1966) उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा


# गोरखामा अफ्रिकन स्वाइन फिभरबाट २५० सुँगुर/बंगुर मरे

पोखरापत्र संवाददाता
गोरखा, १६ असार

अफ्रिकन स्वाइन फिभरबाट गोरखामा २५० भन्दा बढी सुँगुर/बङ्गुर मरेका छन्। दुई महिनायता फैलिएको अफ्रिकन स्वाइन फिभरको सङ्क्रमणबाट हालसम्म २५० भन्दा बढी सुँगुर-बङ्गुर मरेको जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ।

केन्द्रका प्रमुख अनन्त कोइरालाका अनुसार गोरखा नगरपालिका-६, मानवसेवा आश्रम टोलका किसान राजकुमार श्रेष्ठको फार्मका ८० वटा र सोही क्षेत्रकी जुना रेग्मीको फार्मका १० वटा बङ्गुर मरेका छन् । त्यस्तै मान्द्रेढुङ्गाका धनकुमार गुरुङको फार्मका ६० वटा बङ्गुर दुई साताको अवधिमा मरेका उहाँले जानकारी दिनुभयो। बाँकी अन्य किसानका फार्मका सुँगुर-बङ्गुर पनि सङ्क्रमणका कारण मरेका हुन्। अहिलेसम्मको तथ्याङ्कअनुसार गोरखा नगरपालिका-६, ७ र ८ तथा सहिद लखन गाउँपालिका-७ का फार्ममा रहेका सुँगुर/बङ्गुरमा अफ्रिकन स्वाइन फिभरको सङ्क्रमण फैलिएको कोइरालाले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा यो रोगको सङ्क्रमण पहिचान भएको करिब दुई महिना मात्र भएको छ।

कार्यालय प्रमुख कोइरालाले भन्नुभयो, "अहिलेसम्म यस रोगको न उपचार छ, न त खोप नै उपलब्ध छ । त्यसैले सङ्क्रमण भएपछि सुँगुर/बङ्गुर मर्नु निश्चितजस्तै हुन्छ । सङ्क्रमित स्थानमा पुगेका मानिसको लसपस, दाना तथा औषधिमार्फत पनि यो रोग सर्न सक्छ।" उहाँका अनुसार उपचार नभएकाले यसबाट बच्न आवश्यक सावधानी अपनाउनु नै एक मात्र उपाय हो। "अफ्रिकन स्वाइन फिभरका कारण धमाधम सुँगुर/बङ्गुर मरेका जानकारी आएका छन् । केही फार्म दर्ता भएका छन् भने केही दर्ताविहीन भएकाले सबै विवरण प्राप्त नभएको हुन सक्छ", कोइरालाले भन्नुभयो । उहाँले रोगबाट बच्न सङ्क्रमित खोर तथा त्यहाँको संसर्गबाट टाढा रहन सुझाव दिनुभयो । किसान धनकुमार गुरुङका अनुसार सङ्क्रमण भएपछि सुँगुर-बङ्गुरमा ज्वरो आउने, खाना खान छाड्ने, शरीरमा धब्बा वा दाग देखिने तथा करिब एक साताभित्र मर्ने लक्षण देखिने गर्दछ।

# पोखरा २८ बिमिरापानीका आत्रीय गोत्र, पौडेल बन्धुहरूले गरे कुल पुजा

पोखरापत्र संवाददाता
पोखरा, १६ असार

पोखरा २८ कलिका बिमिरापानीमा मुल थलो भई देशका विभिन्न भागमा बसोबास गर्ने आत्रीय गोत्रका पौडेल बन्धुहरुले धुमधामका साथ कुल पुजा गरेका छन्।

पोखरा २८ कालिमाटे,डिहीमा रहेको कुल देवता मन्दिरमा पुगी उनीहरुले विधिपुर्वक पुजा आजा गरेका हुन्। पुजामा पोखरा भन्दा बाहिर रहेका पौडेल बन्धु बान्धवहरूको पनि बिशेष सहभागिता रहेको थियो। पौडेल कुल मन्दिर व्यवस्थापन समितिका सचिव प्रकाश पौडेलको सभापतित्वमा भएको उक्त कार्यक्रममा सचिव पौडेलले समितिको हालसम्मको आयव्यय प्रस्तुत गर्नेका साथै भावी योजनाहरू समेत सुनाएका थिए। मनोहरि पौडेलले सन्चालन गरेको उक्त कार्यक्रममा कुल देवता मन्दिर परिसरमा निर्माण गरिएको ट्रस निर्माता सुशील पौडेल मन्दिर बिस्तारमा जग्गा उपलब्ध गराउने जग्गादाताहरू खेमराज पौडेल, सावित्री पौडेल,कृष्ण प्रसाद पौडेल,रामजी प्रसाद पौडेल,बद्री प्रसाद पौडेल, मन्दिरमा आवश्यक भाडाकुडाहरू उपलब्ध गराउने रूद्र प्रसाद पौडेल तथा आर्थिक सहयोग गर्ने सयोगदाताहरूलाई सम्मान गरिएको थियो।

प्रत्येक बर्षहरूमा पौडेलहरूको कुलपुजा हुदै आईरहेको उक्त कार्यक्रममा समितिका सल्लाहकारहरू नवराज पौडेल,राधामोहन पौडेल समितिका कोषाध्यक्ष सुर्यराज पौडेल, सदस्य खेमराज पौडेल,राधिका पौडेल लगाएतले बोलेका थिए।

# ९७ प्रतिशत बालबालिकालाई दादुराविरुद्धको खोप


रासस
काठमाडौं, १६ असार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले दादुराको उच्च जोखिम भएका जिल्लामा सञ्चालन गरेको 'दादुरा महामारी प्रतिकार्य खोप अभियान'मार्फत करिव ९७ प्रतिशत बालबालिकालाई खोप प्रदान गरिएको छ।

स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले दादुरा देखिएका सात जिल्लामा 'दादुरा महामारी प्रतिकार्य खोप अभियान'अन्तर्गत ९७.७ प्रतिशत बालबालिकालाई खोप लगाइएको जानकारी दिनुभयो। उहाँका अनुसार ती सात जिल्लाका एक लाख २८ हजार ३५९ बालबालिका तथा मानिसलाई खोप लगाइएको छ। अछाम र दैलेखमा पनि दादुराको जोखिम रहे पनि न्यून सङ्ख्यामा बिरामी भेटिएकाले अभियान सञ्चालन नगरेको उहाँले बताउनुभयो । सरकारले यस वर्ष दादुरको उच्च जोखिम रहेका जाजरकोट, सुर्खेत, कालीकोट, सर्लाही, सिराहा, महोत्तरी र बागलुङमा छ महिनादेखि १५ वर्षसम्म उमेर समूहका बालबालिकामा 'दादुरा महामारी प्रतिकार्य खोप अभियान' जेठको अन्तिम सातादेखि असार १० गतेसम्म सञ्चालन गरेको थियो।

उहाँका अनुसार सर्लाहीमा १० हजार २५४, सिराहा दुई हजार ५५०, महोत्तरीमा ७७ हजार ९७, बागलुङमा पाँच हजार ९५०, कालीकोटमा ४१६, सुर्खेतमा दुई हजार ६७ र जाजरकोटमा तीन हजार ८०० जना बालबालिकालाई दादुराविरुद्धको खोप लगाइएको छ। ती जिल्लाभरि नभएर दादुराको प्रकोप देखिएको स्थानीय तहका र वडामा मात्र खोप अभियान सञ्चालन गरिएको थियो । दादुरा सङ्क्रामक रोग हो। एक जना सङ्क्रमित व्यक्तिले १८ जनासम्मलाई सङ्क्रमण सार्न सक्दछ। त्यसैले सङ्क्रमण फैलिएको क्षेत्रमा द्रुत रूपमा खोप अभियान सञ्चालन गरी बालबालिका तथा समुदायलाई सुरक्षित बनाउने प्रयास भइरहेको शाखा प्रमुख डा गौतमले जानकारी दिनुभयो।


## नामथर, जन्ममिति फरक पर्न गएको सूचना



कास्की जिल्ला रुपा गाउँपालिका वडा नं.-७ निवासी भारतीय भु.पु. सैनिक नं. **5448117Y** नायक टि.एस. पतिरम गुरुङको भारतीय पेन्स अभिलेखमा निजको श्रीमतीको नामथर हिरा कुमारी गुरुङ र जन्म मिति सन् १९५८/११/०५ उल्लेख भएको तर नेपाली नागरिकतामा नामथर हिरा गुरुङ र जन्म मिति वि.सं. २०१७/०५/०२ तदानुसार सन् १९६०/०८/१७ उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि कास्की जिल्ला रुपा गाउँपालिका वडा नं.-७, वडा कार्यालयको च.नं. १८३ मिति २०७४/०९/२० को सिफारिस पत्रबाट लेखि आएको हुँदा एकै व्यक्तिको नामथर र जन्ममिति फरक परेता पनि दुवै नामथर जन्ममिति भएको व्यक्ति एकै व्यक्ति भएको बेहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।




## नामथर, जन्ममिति फरक पर्न गएको सूचना



जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.-१२, बस्ने भारतीय सरकारको सैनिक नं. 5747973H का हवल्दार पदका पेन्सनर बयान बहादुर गुरुङको पत्नीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर लक्ष्मी देवी गुरुङ जन्म मिति २०१९/०४/१० (तद्अनुसार सन् (1962 July 25) उल्लेख भएको तर भारतीय सैनिक अभिलेखमा नामथर LACHHANA GURUNG जन्ममिति सन् 1960 March 18 उल्लेख भई एक व्यक्तिको नामथर र जन्ममिति फरक परेता पनि दुवै नामथर जन्ममिति भएको व्यक्ति एक व्यक्ति भएको बेहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## नाम र जन्ममिति फरक पर्न गएको सूचना



गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगर पालिका वडा नं.-१३, बस्ने नेपाली नागरिकता प्रमाणपत्र अनुसार नाम देउ बहादुर गुरुङ, अंग्रेजीमा DEU BAHADUR GURUNG को जन्ममिति वि.सं. २००७/०७/१८ गते र अंग्रेजी तारेखमा 03-11-1950 AD रहेको र निजको श्रीमती बुद कुमारी गुरुङको नाम नेपाली नागरिकताको प्रमाणपत्रमा अंग्रेजीमा BUDDH KUMARI GURUNG भएको र जन्ममिति वि.सं. २०१४/०२/१५ गतेको अंग्रेजी तारेखमा 28-05-1957 AD उल्लेख रहेको र भारतीय भू.पू. सैनिक नं. JC 204380 'L' दर्जा NB/SUB पल्टन ४/४ जि.आर.को निजको भारतीय सैनिक अभिलेखमा नाम DEO BAHADUR GURUNG र जन्ममिति 18-11-1949 AD रहेको र निजको श्रीमतीको नाम BUTH KUMARI र जन्ममिति 10-03-1955 AD रहेकाले भारतीय सैनिक अभिलेख र नेपाली नागरिकता प्रमाणपत्रमा नाम र जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको भनि जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# मानव र वन्यजन्तुबीच बढ्दो द्वन्द्व अवस्था

**कृष्ण न्यौपाने**
दमौली, १६ असार/रासस

तनहुँमा पछिल्लो दशकयता चितुवाको आक्रमण मानव-वन्यजन्तु द्वन्द्वको गम्भीर चुनौतीका रूपमा देखा परेको छ । विशेषगरी बालबालिका चितुवाको निशानामा पर्ने गरेका छन् । जिल्लामा हुने अधिकांश आक्रमण साँझको समयमा हुने गरेका छन् । वन क्षेत्र नजिकका बस्तीमा चितुवाको उपस्थितिसँगै स्थानीयवासी त्रसित बन्न बाध्य छन् ।

तनहुँमा साँझ ५ बजेदेखि ८ बजेसम्मको अवधिमा चितुवाको आक्रमण बढी भएको पाइएको छ । जिल्लामा नौ वर्षको अवधिमा चितुवाको आक्रमणबाट १७ जनाको मृत्यु भएको छ । उक्त घटनामध्ये २२ वटा घटना साँझ ५ बजेदेखि ८ बजेसम्मको अवधिमा भएको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ । चितुवाको आक्रमणबाट मृत्यु भएका १७ जनामध्ये १३ जनाको मृत्यु साँझको समयमा भएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो । साँझको समयमा घरआँगन वा बाटोमा खेलिरहेको अवस्थामा चितुवाले आक्रमण गरेको देखिएको रानाभाटले जानकारी दिनुभयो । बिहानको समयमा आक्रमण भएका घटनामा खेतबारी, गोठ तथा घर आसपासमा चितुवासँग जम्काभेट हुँदा घटना घटेका छन् । साँझ ५ बजेदेखि ८ बजेसम्मको समयमा २२ घटना घटेकामा १३ जनाको मृत्यु, नौ जना घाइते भएका छन् । बिहान ३ बजेदेखि ८ बजेसम्मको अवधिमा भएको सात घटनामा दुई जनाको मृत्यु र पाँच जना घाइते भएको रानाभाटले बताउनुभयो । त्यस्तै दिउँसो १२ बजेदेखि ५ बजेसम्म सात घटना भएकामा एक जनाको मृत्यु र छ जना घाइते भएका छन् भने राति ८ बजेपछि भएको दुई घटनामा एक जनाको मृत्यु र एक जना घाइते भएका छन् । दिनभरि झाडी, भीरपाखा तथा वन क्षेत्रमा लुकेर बस्ने चितुवा साँझपख सक्रिय हुन थाल्छ । यही समयमा मानिसहरू पनि खेतबारीबाट घर फर्किने, बालबालिका घरआँगनमा खेल्ने तथा पशु चौपाया गोठतर्फ ल्याउने गतिविधि हुने भएकाले मानव र चितुवाबीच जम्काभेटको सम्भावना बढ्दो रहेको रानाभाटको भनाइ छ । उहाँका अनुसार चितुवाको आक्रमणबाट पाँच वर्ष मुनिका चार जनाको मृत्यु र दुई जना घाइते, १० वर्षमुनिका दश जनाको मृत्यु र छ जना घाइते भएका छन् । एघारदेखि १५ वर्षसम्मका एक जनाको मृत्यु र दुई जना घाइते, १६ देखि ३० वर्षसम्मका दुई जना घाइते, ३१ देखि ५० वर्षसम्मका सात जना घाइते, ५० भन्दामाथिको दुई जना घाइते भएका छन् । आर्थिक वर्ष २०७४/७५ मा एक, २०७५/७६ मा दुई, २०७६/७७ मा पाँच, २०७७/७८ मा एक, २०७८/७९ मा एक, २०७९/८० मा तीन, २०८१/८२ मा एक र २०८२/८३ मा एक जनाको मृत्यु भएको छ । चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन, एक्लै नहिँड्न सचेतनामूलक गरिँदै आएको उहाँको भनाइ छ । "चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्ज्यालो बनाऔँ, झाडी सफा गरौँ, एक्लै नहिँडौँ", उहाँले भन्नुभयो, "बच्चा तथा वृद्धहरूको विशेष ख्याल र रेखदेख गरौ ।" मृग, वन कुखुरा लगायत वन्यजन्तु मानिसले शिकार गरिदिँदा वनमा शिकारको अभाव भई चितुवाले मानिसको शिकार गर्न थालेको उहाँले बताउनुभयो । जङ्गल फँडानी गरेर बस्ती बसाल्ने, जङ्गली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको छ । "तनहुँमा विशेषगरी चितुवाको समस्या रहेकाले चितुवाको स्वभाव, यसले आक्रमण गर्न सक्ने समयलगायतका विषयमा उपभोक्तालाई बेला-बेलामा जानकारी गराएका छौँ", उहाँले भन्नुभयो, "चितुवा सक्रिय हुने समय र आनीबानी बुझ्न सकिए यसबाट बच्न सकिन्छ ।" वनजङ्गलमा पाइने जीवजन्तु मानिसले शिकार गरेर खाइदिने गरेका कारण पनि चितुवाले बस्तीमा आएर मानिसलाई आक्रमण गर्न थालेको छ । चितुवाको प्राकृतिक खाना भनेको जीवजन्तु नै भए पनि त्यस्ता जीवजन्तु मानिसले खाइदिने गरेका कारण चितुवाको सिकार मानिस हुन थालेको अध्ययनबाट देखिएको छ । "चितुवाको प्राकृतिक खाना मानिस होइन", उहाँ भन्नुहुन्छ, "तर वनभित्र पर्याप्त शिकार नपाउँदा उसले बस्ती क्षेत्रलाई विकल्पका रूपमा लिन थालेको देखिन्छ ।" पछिल्ला वर्षमा तनहुँका विभिन्न क्षेत्रमा सडक विस्तार, बस्ती विकास तथा वन क्षेत्रको अतिक्रमण बढेको छ । वन क्षेत्र खुम्चिँदै जाँदा चितुवा र मानिसको दूरी घट्दै गएको छ । विशेषगरी बन्दीपुर, भानु, व्यास, शुक्लागण्डकी तथा आँबुखैरेनी क्षेत्रका वन आसपासका बस्तीहरूमा चितुवा देखिने क्रम बढेको छ । वन र बस्तीको सीमाना अस्पष्ट बन्दै जाँदा द्वन्द्वका घटना बढिरहेका छन् ।

**शत्र जनाको मृत्यु**

आव २०७४/७५ देखि २०८२/८३ सम्म जिल्लाका विभिन्न स्थानीय तहमा चितुवाको आक्रमणका घटना भएका हुन् । मृत्यु हुनेमध्ये बन्दीपुर गाउँपालिकामा सबैभन्दा बढी सात जना रहेका छन् । त्यसैगरी भानु नगरपालिकामा पाँच जना, व्यास नगरपालिकामा दुई जना, शुक्लागण्डकी नगरपालिकामा दुई जना तथा आँबुखैरेनी गाउँपालिकामा एक जनाको मृत्यु भएको छ । यस अवधिमा चितुवाको आक्रमणबाट २१ जना घाइते भएका छन् । घाइतेमध्ये भानु नगरपालिकामा नौ जना, बन्दीपुर गाउँपालिकामा चार जना, व्यास नगरपालिकामा चार जना, आँबुखैरेनी गाउँपालिकामा दुई जना, शुक्लागण्डकी नगरपालिकामा एक जना तथा म्याग्दे गाउँपालिकामा एक जना रहेका छन् ।

**रु ३२ लाख राहत वितरण**

कार्यालयले वन्यजन्तुबाट क्षति भएकालाई राहत वितरण गर्दै आएको छ । चितुवाको आक्रमणबाट मृत्यु भएकाको परिवार, वन्यजन्तुबाट बालीनालीमा पुगेको क्षतिको मूल्याङ्कन गरी राहत वितरण गर्ने गरिएको छ । विसं २०७६ देखि २०८३ सम्म रु ३१ लाख ७६ हजार चार सय ५० राहत वितरण गरिएको छ । २०७६ सालमा रु तीन लाख ११ हजार पाँच सय, २०७७ मा रु चार लाख ७६ हजार, २०७८ मा रु १५ हजार, २०७९ मा रु सात लाख १८ हजार, २०८० मा रु चार लाख १६ हजार आठ सय, २०८१ मा रु छ लाख आठ हजार, २०८२ मा रु पाँच लाख ८९ हजार २५० र २०८३ मा रु ४१ हजार नौ सय राहत वितरण गरिएको छ । वन्यजन्तु र मानवबीचको द्वन्द्व पछिल्ला वर्षहरूमा चुनौतीका रूपमा देखिन थालेको उल्लेख गर्दै वन्यजन्तुको प्राकृतिक वासस्थान खुम्चिँदै जानु, जङ्गल आसपास मानव बस्ती विस्तार हुनु तथा खाद्यान्नको खोजीमा वन्यजन्तु बस्ती क्षेत्रमा प्रवेश गर्नु मुख्य कारण रहेका छन् । "तनहुँका विभिन्न ग्रामीण क्षेत्रमा बाँदर, भालु, बँदेललगायतका वन्यजन्तुले कृषिबाली तथा पशुधनमा क्षति पुऱ्याउने र कतिपय अवस्थामा मानिसमाथि समेत आक्रमण गर्ने घटना भइरहेका छन्", रानाभाटले भन्नुभयो, "यस्ता घटनाबाट प्रभावित नागरिकलाई राहत उपलब्ध गराउनु सरकारको दायित्व हो । त्यसैले निर्देशिका अनुसार निवेदन परेका घटनाको स्थलगत अध्ययन गरी राहत वितरण गरिरहेका छौँ ।"

उहाँले वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणका लागि राहत वितरण मात्र पर्याप्त नभएको बताउँदै दीर्घकालीन समाधानका उपायहरूमा समेत कार्यालयले काम गरिरहेको जानकारी दिनुभयो । वन्यजन्तु प्रवेश रोक्न तारबार, जनचेतनामूलक कार्यक्रम, वन क्षेत्र व्यवस्थापन तथा स्थानीय समुदायसँगको सहकार्यलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो । "किसानले मेहनत गरेर लगाएको बाली नष्ट हुँदा र पशुधन गुमाउँदा ठूलो आर्थिक क्षति बेहोर्नुपर्छ । त्यसैले राहतसँगै क्षति न्यूनीकरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक छ ।" उहाँले भन्नुभयो ।

रानाभाटका अनुसार वन्यजन्तुबाट क्षति भएमा प्रभावित नागरिकले सम्बन्धित वडा कार्यालय, सामुदायिक वन उपभोक्ता समूह वा डिभिजन वन कार्यालयमा समयमै जानकारी गराउनुपर्ने व्यवस्था रहेको छ । घटनाको सत्यतथ्य मूल्याङ्कनपछि निर्देशिकामा तोकिएबमोजिम राहत उपलब्ध गराइने गरिएको छ । तनहुँका व्यास, भानु, शुक्लागण्डकी, बन्दीपुर, घिरिङ, म्याग्दे तथा आँबुखैरेनी क्षेत्रका विभिन्न ग्रामीण बस्तीहरूमा बाँदर र अन्य वन्यजन्तुका कारण कृषिबाली तथा पशुधनमा क्षति पुग्ने समस्या बर्सेनि दोहोरिने गरेको छ । विशेषगरी मकै, धान, तरकारी तथा फलफूलखेती वन्यजन्तुको निशानामा पर्ने गरेका छन् । चितुवा नियन्त्रणभन्दा पनि मानव-वन्यजन्तु सहअस्तित्वलाई प्राथमिकता दिनुपर्ने औँल्याइएको छ । वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण, अवैध शिकार नियन्त्रण, वन क्षेत्र व्यवस्थापन, जनचेतना अभिवृद्धि तथा बस्ती सुरक्षाका उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नसके मात्र समस्या दीर्घकालीन रूपमा समाधान हुन सक्छ ।

# जोमसोममा शालिग्राम शीला मूर्ति धार्मिक आस्थाको केन्द्र बन्दै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १६ असार



यहाँको घरपझोङ गाउँपालिका-४, जोमसोमस्थित कालिगण्डकी नदीको तटमा रहेको ढुङ्गामा कुँदिएको विश्वकै ठूलो २२ फिट उचाइको शालिग्राम शीला मूर्ति धार्मिक आस्थाको केन्द्र बन्दै गएको छ ।

गत वैशाखअघि कालिगण्डकी नदीको छेउमा रहेको विशाल ढुङ्गालाई नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका मूर्तिकारहरूले शालिग्राम शीलाको आकार दिएर मूर्ति निर्माण गरेपछि उक्त स्थान धार्मिक पर्यटकका लागि आकर्षक केन्द्र बन्दै गएको हो ।

घरपझोङ गाउँपालिकाको आयोजना र एकीकृत सेवा कार्यालय मुस्ताङको सहलगानीमा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानसँगको समन्वयमा गत वैशाख ७ देखि २१ गतेसम्म जोमसोममा १५ दिने मूर्तिकला कार्यशाला सञ्चालन गरिएको थियो । कार्यशालामा सहभागी ३६ भन्दा बढी मूर्तिकारले कालिगण्डकी नदीको तटमा रहेका विशाल ढुङ्गालाई विभिन्न स्वरूपका मूर्तिमा रूपान्तरण गरेका थिए । मूर्तिकारहरूले जिल्लाका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक तथा जैविक विविधतालाई समेट्दै कालिगण्डकी नदीका डेढ दर्जन ढुङ्गालाई कलात्मक मूर्तिका रूपमा प्रस्तुत गरेका थिए ।

मूर्तिकारहरूले कार्यशालाका क्रममा कालिगण्डकी नदी किनारका ढुङ्गामा शालिग्राम शीला, भगवान् महादेव, पार्वती, विष्णु, बुद्ध, हिमचितुवा, हिमाली भैँडा, बौद्ध स्तूप, माने, छोर्तेनलगायत सम्पदाका कलात्मक मूर्ति सिर्जना गरेका घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिनुभयो । उहाँका अनुसार मूर्तिकारद्वारा कुँदिएका डेढ दर्जन मूर्तिमध्ये अहिले सबैको ध्यान विश्वकै ठूलो आकारको शालिग्राम शीलातर्फ तानिएको छ । घरपझोङ गाउँपालिकाले उक्त शालिग्राम शीलाको प्राणप्रतिष्ठा गरेसँगै धार्मिक पर्यटकको चहलपहल बढेको अध्यक्ष लालचनले जानकारी दिनुभयो । उहाँका अनुसार कालिगण्डकी नदीछेउको विशाल ढुङ्गामा कुँदिएको उक्त मूर्तिको भारतको कर्नाटक राज्यस्थित शृङ्गेश्री शारदा पीठका पीठाधीश्वर जगद्गुरु शङ्कराचार्य स्वामी विधुशेखर भारती महाराजले विशेषपूजाअर्चनासहितप्राणप्रतिष्ठा गर्नुभएको हो । भारतीय स्वामी महाराजबाट कालिगण्डकी नदीमा निर्मित शालिग्राम शीलाको गत जेठको पहिलो साता विभिन्न धार्मिक स्वामीहरूको उपस्थितिमा प्राणप्रतिष्ठा गरिएको थियो । अहिले मुक्तिनाथ दर्शनका लागि मुस्ताङ आउने स्वदेशी तथा विदेशी धार्मिक पर्यटकका लागि यो मूर्ति आस्थाको केन्द्र बन्दै गएको उहाँले बताउनुभयो ।

घरपझोङ गाउँपालिका-४, जोमसोमका कार्यपालिका सदस्य भीषण थकालीका अनुसार शालिग्राम शीलाको प्राणप्रतिष्ठापछि दैनिक एक सयभन्दा बढी दर्शनार्थीले उक्त शीलाको दर्शन तथा अवलोकन गर्ने गरेका छन् । विशेषगरी मुक्तिनाथ दर्शन गर्न आएका भारतीय दर्शनार्थीको यहाँ उल्लेख्य घुइँचो लाग्ने गरेको उहाँको भनाइ छ । उक्त शीलाको प्राणप्रतिष्ठापछि विश्वकै ठूलो आकारको शालिग्राम दर्शन गर्न आउने दर्शनार्थीको स~्या बढेसँगै सदरमुकाम जोमसोममा पर्यटकको बसाइँसमेत लम्बिन थालेको कार्यपालिका सदस्य थकालीले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाले उक्त स्थानलाई घेराबार गरी शालिग्राम पार्क निर्माण गर्ने योजना बनाएको छ ।

उक्त शालिग्राम पार्कमा दर्शनार्थीलाई सहज हुने गरी गोरेटो बाटो निर्माण गर्नुका साथै मूर्तिकारहरूले कुँदेका अन्य मूर्तिसमेत सोही स्थानमा स्थापना गरिने कार्यपालिका सदस्य थकालीले जानकारी दिनुभयो ।

भारतको मुम्बईबाट मुक्तिनाथ दर्शन गरी फर्किनुभएकी जेनिशा जेनले जीवनमा पहिलोपटक यति ठूलो आकारको शालिग्रामको दर्शन गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो । भगवान् विष्णुको स्वरूपसहित अन्य मूर्तिको महत्व धार्मिक आस्था र विश्वाससँग जोडिएको उहाँले उल्लेख गर्नुभयो । मुक्तिनाथ दर्शनका लागि मुस्ताङ आउने पर्यटकका लागि शालिग्राम शीला यहाँको आकर्षक धार्मिक पर्यटकीय गन्तव्य बनेको अध्यक्ष लालचनले बताउनुभयो । मुस्ताङ सदरमुकाम जोमसोम बजारसँग जोडिएको कालिगण्डकी नदीको तटमा अवस्थित शालिग्राम शीला, नीलगिरि हिमाल र धौलागिरि हिमालको मनमोहक दृश्यले शालिग्राम शीला पार्क पुगेका धार्मिक पर्यटकलाई मोहित बनाउने गरेको स्थानीयवासी बताउँछन् ।

# बेँसीसहर-चामे र मध्यपहाडी लोकमार्गमा सवारी सञ्चालनमा रोक

**पोखरापत्र संवाददाता**
लमजुङ, १६ असार

यात्रा गर्न जोखिम बढेको भन्दै आजदेखि रात्रिकालीन समयमा बेँसीसहर-चामे सडक र मध्यपहाडी लोकमार्गमा सवारी सञ्चालनमा रोक लगाएको छ ।

सोमबार बसेको जिल्ला सुरक्षा समिति लमजुङको बैठकले यस वर्षको मनसुजन्य विपद्बाट हुनसक्ने सम्भावित जनधनको क्षतिलाई न्यूनीकरण गर्न असार मसान्तसम्म अत्यावश्यक बाहेकका अन्य सवारीसाधन सञ्चालनमा रोक लगाएको हो । लमजुङका सहायक प्रमुख जिल्ला अधिकारी थम्मनसिंह गौतमले भन्नुभयो, "बेँसीसहर-चामे सडकको बेँसीसहरबाट मनाङ जिल्लाको सीमानासम्मको खण्डमा प्रत्येक दिन साँझ ६:०० बजेदेखि बिहान ६:०० बजेसम्म र पुष्पलाल मध्यपहाडी लोकमार्गको सुन्दरबजार-भोर्लेटार सडकखण्डको बिमिरे भञ्ज्याङ क्षेत्रमा प्रत्येक दिन साँझ ७:०० बजेदेखि बिहान ५:०० बजेसम्म सवारीसाधन सञ्चालन गर्न रोक लगाइएको छ ।" यस सडकखण्डमा अत्यावश्यक रहेका सवारीसाधन भने सञ्चालन गर्न दिने उहाँले बताउनुभयो । जिल्ला प्रशासन कार्यालय लमजुङले सो बैठकको निर्णय सार्वजनिक गर्दै यसबाट असुविधा भएकामा क्षमासमेत मागेको छ । आजदेखि धेरै वर्षा हुने सम्भावना रहेको जानकारी भएकाले रात्रिकालीन समयमा जोखिम न्यूनीकरण गर्ने उद्देश्यले सवारी सञ्चालनमा रोक लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी गौतमले जानकारी दिनुभयो । वर्षाको समयमा पहिरो जानसक्ने सम्भावना रहेकाले यसरी जिल्लामा दुर्घटना न्यूनीकरणको उपाय अवलम्बन गरिएको उहाँको भनाइ छ । बेँसीसहरबाट मनाङको सिमाना म्यार्दी खोलासम्म ३५ किलोमिटर पर्दछ भने बेँसीसहरबाट चामे मनाङसम्म ६५ किलोमिटर दूरी पर्दछ । यो जिल्लाको उत्तरी क्षेत्रका स्थानीय र मनाङको नागरिक यात्रा गर्ने सडक हो । लमजुङ र मनाङ जोड्ने एक मात्रै सडकका रूपमा रहेको यो खण्डमा बर्सेनि बर्खायाममा विभिन्न ठाउँमा पहिरो गई सडक अवरुद्ध हुँदा मनाङबासी बढी मर्कामा पर्दै आएको छन् ।


**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

**पोखरा महानगरपालिका वडा नं. २१ भुङ्गे गमर्दी खोलामा ट्रस व्रिज निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : भुङ्गे गमर्दी खोलामा ट्रस व्रिज निर्माण**
**उपभोक्ता समितिको नाम : भुङ्गे गमर्दी खोलामा ट्रस व्रिज निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः सतुमाया गौतम सुवेदी**
**सम्पर्क नं : ९८०६५८०५५१**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : ४**
**योजना सम्झौता मिति : २०८३/०२/०४**
**योजना सुरु मिति : २०८३/०२/०५**
**सम्पन्न भएको हुने मितिः २०८३/०३/०५**
**सम्पन्न भएको मितिः २०८३/०३/१२**
**महानगरपालिकाबाट : रु. ५,००,०००/-**
**जनसहभागिता : रु. ५५,८९१/९६**
**योजनाको कुल लागत : रु. ५,५५,८९१/९६**

# घोडेपानी-पुनहिलमा पर्यटकीय पूर्वाधार विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ असार




म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको प्रमुख पर्यटकीयस्थल घोडेपानी-पुनहिलमा पर्यटकीय पूर्वाधार विस्तार भएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ मा अन्नपूर्ण गाउँपालिकाले विनियोजन गरेको रु २७ लाख र गण्डकी प्रदेश सरकारको रु पाँच लाख बजेटबाट साइकल मार्ग, पदमार्ग, सार्वजनिक शौचालय, बसपार्क निर्माण भएको हो । अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले पुनहिल-घोडेपानी क्षेत्रको पर्यटन पूर्वाधार विस्तारका लागि बजेट बिनियोजन भएका सबै योजना कार्यान्वयन भएका जानकारी दिनुभयो । "घोडेपानी र पुनहिल घुम्न आउने पर्यटकको बसाई लम्बाउने उद्देश्यले सहायक गन्तव्यको पहिचान र पूर्वाधार विस्तारको कामलाई निरन्तरता दिएका छौँ", उहाँले भन्नुभयो, "विस्तार भएका पूर्वाधारले पर्यटकलाई सहज हुनेछ ।" अन्नपूर्ण गाउँपालिकाले चालु आव २०८२/०८३ मा विनियोजन गरेको रु छ लाख बजेटबाट पुनहिलदेखि लुङलुङ सिद्ध, लालीगुराँसपार्क हुँदै घोडेपानीको फलेघर जोड्ने चार किलोमिटर साइकल मार्ग निर्माण भएको छ । समुद्री सतहदेखि तीन हजार २१० मिटर उचाइमा रहेको पुनहिलदेखि हिमाल हेर्दै गुराँसे जङ्गलभित्र साइकलमा साहासिक र रोमाञ्चक यात्रा गर्न पाइन्छ । गाउँपालिकाको रु १४ लाख बजेटबाट लालीगुराँस पार्क जोड्ने पदमार्ग, प्रवेशद्वार र सार्वजनिक शौचालय निर्माण भएको छ । उपभोक्ता समितिका अध्यक्ष रनबहादुर पुनले पदमार्गको हिलो हुने ठाउँमा करिब ३०० मिटर ढलान गरेर पक्की पदमार्ग बनाइएको बताउनुभयो । यसैगरी रु चार लाख बजेटबाट देउराली डाडाँमा ४० मिटर ढुङ्गा बिछ्याएर पदमार्ग बनाइएको छ । रु तीन लाख बजेटबाट तल्लो घोडेपानीमा बसपार्क निर्माण भएको छ । समुदायको अगुवाइमा यसै वर्ष घोडेपानी हुँदै कास्कीको उल्लेरी सडक सञ्जालमा जोडिएको थियो ।

गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रु पाँच लाख बजेटबाट घोडेपानीदेखि घान्द्रुक जाने पदमार्ग निर्माण योजना पनि सम्पन्न भएको वडाध्यक्ष खड्काले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारको रु तीन करोड बजेटबाट चित्रेदेखि घोडेपानी जोड्ने चार किलोमिटर सडक ग्राभेल गर्ने योजना निर्माणाधिन छ । घोडेपानी र पुनहिल क्षेत्रलाई केन्द्रित गरेर यसअघि लालीगुराँस पार्क, पेरीभारानी ताल जोड्ने घोडा मार्ग सञ्चालन गरिएको थियो । सडकका कारण पुराना पदमार्ग विस्थापित भएको अवस्थामा पर्यटकको बसाई लम्बाउनका लागि पर्यटकको चाहनाअनुसार राम्चे-काफलडाँडा, हिस्तान टिकोट, शिख, खिवाङ जोड्ने साइकलमार्गको पनि सम्भाव्यता अध्ययन गरिएको अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष समेत रहेका घोडेपानीका बासिन्दा डमबहादुर पुनले बताउनुभयो ।

घोडेपानीदेखि ४५ मिनेट उकालोमा पदयात्रा गरेपछि पुगिने पुनहिलबाट गुर्जा, पुथा, मानापाथी, नीलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खलाको दृष्यावलोकन गर्न सकिन्छ । घोडेपानी-पुनहिल विश्व प्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख पर्यटकीय गन्तव्य हो ।